## आज मिति २०६८/४/१ का दिन बसेको बोर्ड बैठकवाट भएका निर्णयहरु :-

१. **प्रस्ताव नं. १ आर्थिकबर्ष २०६८।६९ को बजेट र कार्यक्रम सम्वन्धी :-**

आर्थिकबर्ष २०६८।६९ को लागि पेश भएको देहाय बमोजिमको आय व्यय तथा संलग्न कार्यक्रम स्वीकृत गर्ने । साथै सो कार्यक्रम भित्र रही सचिवालयले चौमासिक लक्ष्य तयार पारी कार्यक्रम संचालन गर्ने निर्णय भयो :-

आय तर्फ

| | | |
|---|---|---|
| १. गत आर्थिकबर्षको जिम्मेवारी | | रु.७५,६२,४८,६७३।९० |
| २. चालु आर्थिकबर्षको अनुमानित आय | | रु.४२,२७,६०,०००।- |
| क) श्रम स्वीकृति वापत | रु.३०,००,००,०००।- | |
| ख) बैदेशिक रोजगार व्यवसायबाट (दर्ता र नवीकरण) | रु.३०,००,०००।- | |
| ग) अभिमूखीकरण तालीम संचालन गर्ने संख्या (दर्ता र नवीकरण) बाट | रु.३,५०,०००।- | |
| घ) जिट्को नवीकरण | रु.१७,१०,०००।- | |
| ङ) बैदेशिक रोजगार व्यवसायी तथा संस्थाहरुबाट | रु.१,००,०००।- | |
| च) स्वदेशी तथा बिदेशी व्यक्ति वा निकायबाट प्राप्त हुने अनुदान तथा सहयोग | रु.१,००,०००।- | |
| छ) नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा सहयोग | रु.१,२५,००,०००।- | |
| ज) व्याजबाट | | |
| १. धरौटीको मुद्धती खाताबाट कर कट्टी गरी | रु.४,००,००,०००।- | |
| २. कल्याणकारी कोषको रकम परिचालनबाट | रु.६,५०,००,०००।- | |
| | जम्मा कूल आय | रु.१,१७,९०,०८,६७३।९० |

व्यय तर्फ

| | |
|---|---|
| क) चालु खर्च | रु.१,२०,००,०००।- |
| ख) पूँजीगत खर्च | रु.७८,००,०००।- |
| ग) कार्यक्रम भ्रमण खर्च | रु.५,००,०००।- |
| घ) बैदेशिक रोजगार प्रवर्द्धनात्मक खर्चहरु एवं आर्थिक सहायता | रु.२३,०६,००,०००।- |
| | रु.२५,०९,००,०००।- |

२. **प्रस्ताव नं.२ कुवेतबाट शान्तिमाया दोङलाई झिकाउने सम्वन्धमा :-**

कुवेतको फर्वानिया अस्पतालमा विगत ५ वर्ष देखि भर्ना भएकी मकवानपुर सुखौनाकी शान्तिमाया दोङ्गलाई नेपाल ल्याउन नेपाली राजदूतावास कुवेतको माग अनुसार लाग्ने रकम पठाउने निर्णय भयो ।

३. **प्रस्ताव नं. ३ आर्थिक सहायता सम्वन्धमा :-**

क) स्वीकृति वेगर बैदेशिक रोजगारमा गएका सुनिता सुनुवार र शम्सेर गद्दी आलमका हकवालालाई नेपाल सरकारबाट प्राप्त अनुदान रकम मध्येबाट रु.१०,०००।- (दसहजार) को दरले आर्थिक सहायता दिने ।

ख) अंगभंग भएका देहायका व्यक्तिहरुलाई देहाय बमोजिम आर्थिक सहायता दिने :-

१. दुर्घटनामा परी नेपालमा आई अचेत अवस्थामा उपचार गराई रहेका श्री कमल श्रेष्ठ रु.४०,०००।-

२. कम्पनीमा काम गर्दा गर्दै हात खुट्टा नचल्ने भएका श्री इन्द्र योङहाङ्ग रु.२५,०००।-

३. शरीर जलेका श्री दीपक नेपाली रु.३०,०००।-

४. काम गर्दा गर्दै आँखा बन्द भएका श्री मिलन रसाईली रु.३०,०००।-

४. **प्रस्ताव नं. ४ विविध :-**

क) नेपाल बैदेशिक रोजगार व्यवसायी संघले कतारमा बैदेशिक रोजगार मेला गर्न प्रस्ताव गरेकोमा तत्काल मेला संचालन गर्न सम्भव नहुँदा कतारमा नेपाली कामदारको अवस्था र अव आउने कामदार माग सम्वन्धमा छलफल गर्नु पर्ने आवश्यकता महसुस गरिएकोले वोर्डका अध्यक्ष माननीय मन्त्रीज्यूको नेतृत्वमा ३ सदस्यीय उच्चस्तरीय प्रतिनिधि मण्डल पठाउन सिफारिश गर्ने र सो मण्डलमा बैदेशिक रोजगार व्यवसायीहरु आफ्नै खर्चमा जान चाहेमा समावेश गर्ने समेत निर्णय भयो ।

ख) झापा जिल्ला गौरादह गा.वि.स. वडा नं. ३ घर भई कुवेतमा कार्यरत इश्वरा ढुंगानाको निवेदन उपर छलफल हुँदा नेपाली राजदूतावास, कुवेत मार्फत फिर्ता पठाई दिन सो राजदूतावासलाई लेखि पठाउने र निज इश्वरा ढुंगानालाई फिर्ता गर्दा खर्च लाग्ने भएमा वोर्डवाट उपलव्ध गराउने निर्णय भयो ।

वोर्डका अध्यक्ष एवं माननीय मन्त्रीज्यूवाट धन्यवाद सहित बैठकको समापन गरियो ।

ऐनको दफा ४० (६) बमोजिम प्रमाणित

२०६८।९।१९

(स्थानेश्वर देवकोटा)

कार्यकारी निर्देशक